# प्रतिवेदन

१) **कार्यक्रमको शिर्षक :** सहकारी संस्थाहरु सँगको अन्तरक्रिया कार्यक्रम

२) **कार्यक्रमको परिचय :** नेपाल संघीय व्यवस्था प्रणालीमा प्रवेश भए सँगै ३ तहको सरकार बनेको छ । जसमा यस गौरीगंगा नगरपालिका पनि स्थानीय तहको रुपमा स्थापना भयो । तत पश्चात जिल्ला स्थित विषयगत कार्यालयहरुको खारेज सँगसँगै साविकको डिभिजन सहकारी कार्यालय धनगढी, कैलाली पनि खारेज भई यस नगरपालिका भित्र कार्यक्षेत्र भएका जम्मा ५६ वटा सहकारी संस्थाको फाइल गौरीगंगा नगरपालिकालाई हस्तान्तरण गरियो । यिनै सहकारी संस्थाहरुलाई लक्षित गरेर आ.व. २०७४/०७५ को चौथौ नगर सभाले सहकारी प्रवर्धन शिर्षकमा रु.२,००,०००/–(अक्षरुपी दुई लाख रुपैया मात्र) वजेट विनियोजन गरेको थियो । सोही अनुरुप मिति २०७५/१२/१० गते गौरीगंगा नगरपालिकाका आर्थिक विकास समिति संयोजक श्री जगतराम चौधरी ज्यूको संयोजकत्वमा समितिको बैठक बसी नगरकार्यपालिका सदस्य र ५७ वटा सहकारी संस्थाका अध्यक्ष, व्यवस्थापकलाई ( ५५ डिभिजन सहकारीबाट फाइल हस्तान्तरण गरिएको र २ वटा नगरपालिकामा दर्ता गरिएका) पत्राचार गर्ने निर्णय गरियो । सोही बमोजिम मिति २०७५/१२/१९ गतेका दिन गौरीगंगा नगरपालिकाको सभाहल–०२, पुरानो चौमाला, बजारमा नगरपालिका भित्र कार्यक्षेत्र भएका सम्पुर्ण सहकारी संस्थाका अध्यक्ष, व्यवस्थापकहरु र नगरपालिका बीच एक दिने नगरपालिका स्तरीय अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

३) <u>**कार्यक्रमको महत्वपुर्ण विषयबस्तु र घटनाक्रम**</u> : गौरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भीम बहादुर देउवा ज्यूको प्रमुख आतिथ्यता र आर्थिक विकास समितिका संयोजक एवम् गौरीगंगा नगरपालिका वार्ड नं. ०१ का वडाध्यक्ष श्री जगतराम चौधरी ज्यूको सभाध्यक्षतामा शुरु भएको उक्त समारोहमा अतिथिहरुमा गौरीगंगा नगरपालिकाका नगर उप–प्रमुख श्री अञ्चला चौधरी ज्यू, निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री हरीश पन्त ज्यू, गौरीगंगा नगरपालिकाका वार्ड नं. ०२ देखी ११ सम्मका सम्पुर्ण वडाध्यक्ष ज्यूहरु, नगरपालिकाका सम्पुर्ण नगरकार्यपालिका सदस्य ज्यूहरु, नगरपालिकाका सम्पुर्ण शाखाका शाखा प्रमुख ज्यूहरु , गौरीगंगा नगरपालिका भित्र कार्यक्षेत्र भएका सम्पुर्ण सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकहरु लगायतको उपस्थिति रहेको थियो ।गौरीगंगा नगरपालिकाका आर्थिक विकास समिति सदस्य एवम् नगरकार्यपालिका सदस्य श्री विनिता देवी वि.क. ज्यूको स्वागत मन्तव्य र प्रमुख अतिथिको व्यानर वाचन सहित उद्घाटन भई शुरु भएको उक्त कार्यक्रमा मुख्य प्रशिक्षकको रुपमा सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयन धनगढी, कैलाली अर्न्तगत सहकारी तथा गरिबी निवारण शाखाका शाखा प्रमुख श्री सुरेश प्रसाद जैसी ज्यू रहनु भएको थियो । प्रशिक्षकले सहकारीका सात सिद्धान्त र सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली ( Co-operative and Poverty Management Information System-COPOMIS) को हालको परिप्रेयक्ष्यमा परिचय , महत्व र आवश्यकता लगायतका विषयबस्तुमा स्पष्ट पार्नु भएको थियो । प्रशिक्षकको प्रशिक्षण/सहजीकरण पश्चात छलफलका लागि खुला सत्र घोषणा गरियो । खुला सत्रमा सवै विषयगत सहकारी संस्थाहरुबाट पालैपालो जिज्ञासा राख्ने समय उपलब्ध गराइयो ।

जिज्ञासा मेटाउने क्रममा नगर प्रमुख, नगर उप-प्रमुख, निमित्त प्रमुख प्रशासकीय अधिकृत ज्यूहरु बोल्नुभएको थियो । अपह्न २:३० बजे ३० मिनेटको खाजा समय थियो । पुर्व निर्धारित कार्यक्रम तालिका अनुसार ३ बजे देखि समापन कार्यक्रममा मन्तव्यको क्रममा नगर स्तरीय सहकारी संघ तदर्थ समितिको प्रतिनिधिको तर्फबाट पशु विकास बहुउद्देश्यीय सहकारी संस्था लि. गौ.न.पा.-०१ का अध्यक्ष श्री सागर थापाले गौरीगंगा नगरपालिकाले सहकारी संस्थाहरुलाई एक आपसमा परिचय सम्म नभएको यो अवस्थामा यो कार्यक्रम राख्नुभएकोमा धन्यबाद दिदै आगामी आ.व. २०७६/०७७ मा सहकारी नियमन, प्रवर्धन र प्रशिक्षण शिर्षकमा कम्तीमा सम्पुणृ बजेटको ५ प्रतिशत बजेट विनियोजन गरियोस भन्ने माग सहितको मन्तव्य राख्नु भएको थियो । तत पश्चात निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री हरीश पन्त ज्यूले नगरपालिकाबाट कानूनी प्रावधानलाई टेकेर सहकारी क्षेत्रमा नगरपालिका अगाडी बढ्ने प्रतिबद्धता जनाउनु भएको थियो । यसै गरी नगर उप-प्रमुख श्री अञ्चला चौधरी ज्यूले विश्वमा श्रम शोषणको विरुद्धमा समूह हुदै सहकारीको विकास हुदै आएको हुँदा नगरपालिकाले गर्ने सहयोग आफ्नो ठाउँमा भएको र सहकारी संस्थाहरु पनि स्वतस्फूत रुपमा शेयर सदस्यहरुलाई उत्पादन गर्न लगाउने सहकारीले खरिद गर्ने गर्दै स्वालम्बीपनको विकास गर्नु पर्ने देखिन्छ भन्दै मन्तव्य राख्नुभएको थियो । अन्त्यमा नगर प्रमुखले कार्यक्रम अवधि भरमा आएका जिज्ञासाहरुलाई सम्बोधन गर्दै गौरीगंगा नगरपालिका सहकारी संस्थाहरु प्रति सदैव सकारात्मक रहेको र आगामी आ. व. मा नगरस्तरीय सहकारी संघको तर्फबाट सहकारीको सम्पुर्ण पक्षहरुलाई समाबेश गरी प्रस्ताव लिएर आएमा कानूनलाई टेकेर उचित सम्बोधन गर्नेछौ भनि प्रतिबद्धता जाहेर गर्दै कार्यक्रमको औपचारिक समापन गर्नू भएको थियो । उक्त कार्यक्रमको संयोजन एवम् सञ्चालन गौरीगंगा नगरपालिका आर्थिक

विकास शाखा अर्न्तगत सहकारी प्रवर्धन उपशाखाका सहायक महिला विकास निरीक्षक श्री लक्ष्मी पौडेलले गर्नु भएको थियो ।

**४) सहभागी संख्या :** १४० जना सम्म ।

**५) कार्यक्रमको सन्देश एवम् महत्व :** गौरीगंगा नगरपालिकाले पहिलो पटक गरेको यस किसिमको कार्यक्रमको अत्यन्तै महत्व रहेको छ । यस कार्यक्रमबाट नेपाल सरकारले लिएको तीन खम्बे अर्थनीति मध्ये एउटा खम्बा सहकारी क्षेत्र पनि हो र यस क्षेत्रलाई नियमन, प्रवर्धन, संरक्षण गर्नु पर्ने देखियो । गौरीगंगा सहकारी ऐन २०७४ पारित भएको तर नियमावली नभएको हुँदा काम गर्ने क्रममा समस्या देखिएको साथै सहकारी सम्बन्धीत कर्मचारी माग गर्नु पर्ने देखियो । यस्ता खालका कार्यक्रमले नगरपालिका र सहकारी संस्था बीचको निकटता र समन्वय सहकार्य पनि हुने हुँदा सकारात्मक सन्देश प्रबाह भयो । सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली ( Co-operative and Poverty Management Information System-COPOMIS) बारे पनि सहकारी संस्थालाई केही हद सम्म जानकारी भयो र आगामी आ.व.मा सो सम्बन्धी तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु आयोजना गर्नु पर्ने देखियो ।

**६) कार्यक्रमको निस्कर्ष :** समग्रमा गौरीगंगा नगरपालिकाले आगामी आ.व. २०७६/०७७ मा तपशिल बमोजिमका शिर्षकहरुमा रहेर कार्यक्रम तर्जुमा गर्नु पर्ने अनिवार्य आवश्यकता देखियो ।

क) नियमन : ( अनुगमन, अर्न्तक्रिया, पूर्व सहकारी शिक्षा, सहकारी दिवस)

ख) प्रवर्धन : अनुदान (वीउ पूँजी अनुदान, पूँजीगत अनुदान) ,अन्तर सहकारी भ्रमण

ग) प्रशिक्षण : लेखापालन तालिम, व्यवस्थापन तालिम, प्रस्तावना लेखन तालिम, नेतृत्व तथा क्षमता विकास तालिम

**प्रतिवेदक (पेश गर्ने)**

नाम ,थर : श्री

पद :

कार्यालय : गौरीगंगा नगरपालिका

चौमाला, कैलाली

दस्तखत :

**सदर गर्ने)**

नाम,थर : श्री हरीश पन्त

पद : नि. प्रमुख प्रशासकीय अधिकृत

कार्यालय : गौरीगंगा नगरपालिका

चौमाला, कैलाली

दस्तखत :